

कांग्रेसको कलह र देउवाको b?kofµ !

✍ रश्मिशेखर सुवेदी

(३)


## सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**



दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९





जि.प्र.का.झापा द.नं.६९१ ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०



❑ वर्ष-२१ ❑ अंक - २१७ ❑ २०८३ भाद्र ०५ गते शुक्रबार ❑ Friday, 21 Aug. 2026 ❑ मूल्य ७ /-


# राज्य व्यवस्था र सुशासनको बहसमा रवि

◆ आरोप र शंकाभन्दा प्रमाण खोज्न आग्रह, संस्थाको गरिमादेखि संविधान संशोधनमा दुई तिहाई पर्याप्त नभएको जिकिर

✍ खगेन्द्र कार्की

**दमक**/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा संवेदनशील विषयमा आरोप, शंका वा सञ्चारमाध्यममा आएका सामग्रीका आधारमा धारणा बनाउनुको सट्टा तथ्य र प्रमाणका आधारमा बहस गर्नुपर्ने बताएका छन् । उनले छापामा आएको समाचार, कसैले बयानका क्रममा लिएको नाम र अदालतमा विचाराधीन मुद्दालाई एउटै दृष्टिकोणबाट हेर्न नहुने बताए । लामिछानेले समितिमा प्रस्तुत हुने विषय तथ्य, प्रमाण, कानून र संविधानमा आधारित हुनुपर्ने भन्दै संवेदनशील विषय उठाउँदा व्यक्ति मात्र नभई सम्बन्धित राज्य संस्था र संवैधानिक निकायको प्रतिष्ठालाई समेत ध्यान दिनुपर्ने बताए ।

उनले समितिको बैठकमा यस्ता विषय उठाउनुको मुख्य ध्येय हिजो उनैसँग जोडिएका घटनाक्रमले देखाएका छन् । २०८० चैतमा तत्कालीन उपप्रधानमन्त्री तथा गृहमन्त्री रहेका लामिछाने राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा उपस्थित भएका थिए । त्यतिबेला सहकारीको रकम



समाचार विश्लेषण

अपचलनसम्बन्धी विवादमा उनको नाम जोडिएको विषयमा समितिमा प्रश्न उठेको थियो ।

त्यसपछि सहकारी प्रकरण राजनीतिक, संसदीय छानबिन र न्यायिक प्रक्रियाको विषय बन्यो । लामिछानेले आफू सहकारीको रकम अपचलनमा संलग्न नभएको र नाम जोडिँदैमा दोषी ठहर गर्न नमिल्ने दाबी गर्दै आएका थिए ।

सहकारी प्रकरणकै कारण उनको राजनीतिक भूमिकामाथि संसद् र सार्वजनिक तहमा निरन्तर प्रश्न उठ्यो । विभिन्न सहकारीसम्बन्धी मुद्दा र अनुसन्धानका कारण लामिछाने लामो समयदेखि राजनीतिक बहसको केन्द्रमा रहँदै आएका छन् । अहिले उनी पुनः राज्य व्यवस्था तथा सुशासन समितिमा रहेर राज्य सञ्चालन, सुशासन, संवैधानिक संस्था र संविधान संशोधनजस्ता विषयमा धारणा राखिरहेका छन् ।

यही पृष्ठभूमिमा समितिको पछिल्लो बैठकमा लामिछानेले 'आरोप' र 'प्रमाण'बीचको अन्तरबारे जोड दिनुलाई राजनीतिक रूपमा अर्थपूर्ण मान्न सकिन्छ । उनले भने, 'आवाज ठूलो हुँदैमा तथ्य ठूलो हुने होइन । प्रमाणहरू यति बलियो होउन् कि हामीले मुख रातो पारेर प्रश्न गर्न नपरोस्, प्रमाण देखेर आउनेहरूको मुख रातो होस् ।' उनको भनाइको आशय कुनै व्यक्तिको नाम समाचारमा आउनु, बयानमा उल्लेख हुनु वा मुद्दा विचाराधीन रहनु मात्रैलाई अन्तिम निष्कर्ष मान्न नहुने भन्ने हो ।

तर उनको यो तर्कले अर्को महत्वपूर्ण प्रश्न पनि उठाउँछ–आरोप र प्रमाणबीचको दूरी कायम राख्दै राज्यका निकायलाई जवाफदेही कसरी बनाउने ? संसदीय समितिको मूल जिम्मेवारी नै सरकार तथा राज्यका निकायको कामकारबाहीमाथि निगरानी र आवश्यक प्रश्न बाँकी ४ पेजमा ▸▸

## न्यूनतम कार्यक्रम तयार गर्दै सरकार

**दमक**/ कोशी प्रदेश सरकारको न्यूनतम साझा नीति तथा कार्यक्रम निर्माणको लागि गठन भएको कार्यदलले पूर्णता पाएको छ । गएको साउन २५ गते सोमबार बसेको दुवै दलको बैठकले साझा कार्यक्रम निर्माणका लागि नेकपा संसदीय दलका नेता आङ्बोको संयोजकत्वमा कार्यदल बनाउने सहमति भएको थियो ।

नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)बिच भएको सहमति अनुसार एमाले संसदीय दलका उपनेता तिलकुमार मेन्याङ्बो, कोशी प्रदेश सरकारका खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्री तिलचन पाठक, सांसद रेवतीरमण भण्डारी र एमाले कोशी प्रदेशका सचिव राजकुमार भण्डारी रहेका छन् । उता, नेपाली कम्युनिस्ट पार्टीको तर्फबाट भने आङ्बोसहित दलका उपनेता बाबुराम गौतम र सांसद गणेश उप्रेती कार्यदलमा रहेका छन् । नेकपाले उठाउँदै आएको प्रदेशको पुनःनामकरणको विषयमा भने कुनै प्रगति हुन सकेको छैन । दुई दलबिचको सहमति अनुसार सरकार विस्तार भने भइसकेको छ ।

# चुलाचुलीमा भुमि प्रशासनको सेवा शुभारम्भ

**चुलाचुली** / इलामको चुलाचुली गाउँपालिकाले आफ्नै भूमि व्यवस्थापन शाखा मार्फत मालपोत तथा नापीसम्बन्धी सेवा शुरु गरिएको छ ।

आइतबारेस्थित गाउँपालिका कार्यालय परिसरमा बुधबार आयोजित कार्यक्रममा सेवाग्राहीलाई जग्गाधनी प्रमाणपुर्जा प्रदान गर्दै सेवा शुभारम्भ गरिएको हो ।

तयार भएका जग्गाधनी प्रमाणपुर्जा गाउँपालिका अध्यक्ष राजेन्द्र केरुङ र उपाध्यक्ष दिलु लिम्बूले संयुक्त रूपमा वितरण गरेका थिए ।

अध्यक्ष केरुङले स्थानीय सरकारबाटै भूमि प्रशासन सेवा उपलब्ध हुन थालेपछि नागरिकलाई सहज, छिटो र प्रभावकारी सेवा प्रदान गर्न सकिने बताए । यसअघि मालपोत तथा नापीसम्बन्धी कामका लागि दुई दिनसम्मको समय र अतिरिक्त खर्च गरेर इलाम सदरमुकाम पुग्नुपर्ने बाध्यता अब अन्त्य भएको उनको भनाइ छ ।

अध्यक्ष केरुङले गाउँमै सेवा पाउने व्यवस्थाले सेवाग्राहीको समय र खर्च दुवै बचत हुने र स्थानीय सरकारप्रतिको नागरिकको भरोसा थप बलियो बन्ने बताए ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजकुमार शाक्यले सेवा सञ्चालनका लागि आवश्यक कर्मचारी तथा व्यवस्थापनको तयारी पूरा भइसकेको जानकारी दिँदै भूमि प्रशासन र नापीसम्बन्धी सेवा अब गाउँपालिकाबाटै सहज रूपमा प्रवाह गरिने बताए ।

भूमि प्रशासन अधिकृत उत्सव कट्टेलका अनुसार विद्युतीय फोटो, औँठाछाप, दस्तखत तथा 'ल्यान्ड ओनर आइडेन्टिफिकेसन नम्बर' अर्थात् लिन कायम भएका जग्गाको खरिद-बिक्री, राजीनामा, हकछोड तथा लिखत पारितसम्बन्धी सेवा अब स्थानीय तहमै उपलब्ध हुनेछ । त्यसैगरी अंशवण्डा, नामसारी, मोही बाँडफाँड, कित्ताकाट, नक्सा प्रिन्ट, अभिलेख अद्यावधिक तथा राजस्व संकलनलगायतका सेवा पनि गाउँपालिकाबाटै प्रदान गरिने उनले बताए । यसअघि कम्प्युटर सिस्टममा प्रविष्ट भएका जग्गा सम्बन्धी कामकाज मात्रै सो कार्यालयबाट हुने र पुराना तथा कम्प्युटरमा प्रविष्ट नगरिएका (लगभग २०७६ अघि)का धनीपूर्जाका हकमा भने जिल्लास्थित भुमि प्रशासन (साविक मालपोत ) कार्यालयले रेकर्ड उपलब्ध बाँकी ४ पेजमा ▸▸


## दमक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दमक-झापाको

## अव्यवस्थित तारहरू व्यवस्थित गर्न जरूरी सूचना

श्री नेपाल विद्युत प्राधिकरण,
**दमक वितरण केन्द्र, दमक, झापा**
श्री दुरसञ्चार कार्यालय दमक,
**दमक, झापा**

प्रस्तुत विषयमा दमक नगर क्षेत्रलाई सुन्दर, आधुनिक र व्यवस्थित शहरका रुपमा विकास गर्दै लैजाने यस नगरपालिकाको लक्ष्य हासिल गर्नका लागि नगरपालिकाले विभिन्न कार्यहरु गर्दै आएको छ । सो सन्दर्भमा, तारहरु सडकको वारपार भई शहरको सौन्दर्य तथा आवागमन समेतमा असर नपरोस् भन्ने हेतुले विगत वर्षमा नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा नगरभित्रका सडकहरुको दायाँ बायाँ दुवैतर्फ पोल गाड्ने काम भई सो पोलहरुमा विद्युतका तारहरु, टेलिकम तथा इन्टरनेट सेवा प्रदायकहरुको तार जोड्न सक्ने गरी व्यवस्था समेत गरिएकोमा, नगरपालिकाको सुन्दर शहर निर्माणको लक्ष्यलाई प्रतिकूल असर गर्ने गरी, पटकपटक सूचना प्रकाशन गर्दा तथा पत्राचार गर्दा समेत, हालसम्म पनि सडकको वारपार हुनेगरी तारहरु टाँगिएको अवस्थामै रहेकोमा यस किसिमको असमन्वय, नगरपालिकाको निर्णयको उपेक्षा तथा अवज्ञाका सम्बन्धमा दमक नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको कारण यो जानकारी कार्य भएको छ ।

तसर्थ, अव्यवस्थित तारहरुबाट पैदा भएका/हुने समस्याहरु अबिलम्ब रुपमा समाधान गर्नका लागि तपसिल बमोजिम हुनेगरी गर्नु गराउनु हुन जानकारी गराइन्छ ।

१) मिति २०८३ भाद्र २० गते विगत वर्षहरुमा झैँ श्रीकृष्ण रथयात्रा प्रारम्भ हुने भएको छ । सो को रुट दमक ७ स्थित राधाकृष्ण मन्दिरबाट प्रारम्भ भई त्यहाँबाट दक्षिण हनुमान मन्दिर हुँदै लेखनाथ चोकबाट पश्चिम इ.प्र.का. दमक हुँदै जेशिस चोक र सो बाट उत्तर देवकोटा चोक हुँदै शङ्खधर चोक सम्म र शङ्खधर चोकबाट पश्चिम भृकुटी चोक हुँदै सो बाट उत्तर भानु चोक हुँदै फाल्गुनन्द चोक हुँदै दमक नगरपालिकाको कार्यालय अगाडिबाट राधाकृष्ण मन्दिर पुग्ने भएको हुँदा सो स्थानहरुमा पर्ने बाटोको वारपार गरी टाँगिएका तारहरु मिति २०८३ भाद्र ७ गतेभित्र विगत वर्षमा सडकको दायाँबायाँ गाडिएका पोलहरुमा जोड्ने गरी व्यवस्थापन गर्नुहुन ।

२) सो मितिभित्र पनि तारहरु व्यवस्थित भइनसकेमा यस नगरपालिकाले नै मिति २०८३ भाद्र ८ गतेदेखि उक्त तारहरु हटाउने व्यहोरा जानकारी गराउँदै यसबाट उत्पन्न हुनसक्ने भौतिक/वित्तीय क्षति तहाँ कार्यालयहरुले नै व्यहोर्नुपर्ने छ ।

३) उल्लेखित स्थानहरु बाहेकका स्थानहरुको तारहरु समेत निर्धारित पोलहरुमा व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिई अबिलम्ब रुपमा कार्य सम्पन्न गर्नुहुन ।

*नगरपालिका सदैव समन्वय, सहकार्य र आपसी एकताबाट मात्र समृद्ध, आधुनिक, सुरक्षित र व्यवस्थित नगर निर्माण हुन सक्ने कुरामा विश्वास गर्दछ र अन्तरसम्बन्धित पक्षहरुबाट समेत सोही किसिमको अपेक्षा राख्ने कुरा जानकारी गराइन्छ ।*

**बोधार्थ:**
**श्री इन्टरनेट सेवा प्रदायक संस्थाहरु (दमक क्षेत्रभित्रका सबै)**
**श्री सम्बन्धित सरोकारवालाहरु, सबै ।**

**राम कुमार थापा**
(नगर प्रमुख)


# झापामा विपद्का २५ घटना, ३४ लाखको क्षति

**दमक**/ झापामा गत साउनमा बाढी, पहिरो, आगलागी, चट्याङ तथा जङ्गली जनावरको आक्रमणलगायत २५ वटा विपद्का घटना भएका छन् । ती घटनाका कारण रु ३४ लाख २४ हजार बराबरको भौतिक क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रञ्जन अवालेका अनुसार साउनभर भएका विभिन्न विपद्का घटनामा परी दुई जना घाइते भएका छन् भने तीन जनाको सकुशल उद्धार गरेको छ ।

प्रहरीका अनुसार सबैभन्दा बढी आगलागीका घटना भएका छन् । विभिन्न स्थानमा भएका पाँच वटा आगलागीका कारण रु १९ लाख ३० हजार बराबरको धनमाल क्षति भएको छ । त्यसैगरी, जङ्गली जनावरको आक्रमणका १७ वटा घटना दर्ता भएका छन् । आक्रमणबाट दुई जना घाइते भएका छन् ।

यस्तै, चट्याङका घटनामा परी रु पाँच लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ । प्रहरी नायब उपरीक्षक अवालेले मनसुनजन्य तथा अन्य प्राकृतिक विपद्को जोखिमलाई ध्यानमा राख्दै जिल्लाभर प्रहरी जनशक्तिलाई उच्च सतर्क अवस्थामा राखिएको बताए ।

# लागुऔषधसहित १५ जना पक्राउ

**झापा/** नियमित गस्तीमा रहेको प्रहरी टोलीले काठमाडौँ, मोरङ, झापा, सुनसरी, दाङ, कपिलवस्तु र भक्तपुरका विभिन्न स्थानबाट लागुऔषधसहित १५ जनालाई पक्राउ गरेको छ । मोरङको पथरी शनिश्चरे नगरपालिका-१० संगम टोलबाट सोही स्थानका २३ वर्षीय घनश्याम बस्नेत, झापाको हल्दीबारी गाउँपालिका-२ कदम चोकबाट अवैध लागूऔषध खैरो हेरोइनजस्तो देखिने पदार्थसहित भद्रपुर नगरपालिका-७ का २३ वर्षीय सुवास राजवंशी पक्राउ परेका छन् ।

सुनसरीको इटहरी उपमहानगरपालिकाबाट चार जना, दाङको तुलसीपुर उपमहानगरपालिका-९ सल्लेवनबाट दुई जना र लमही नगरपालिका-५ सुनखोलीबाट एक जना पक्राउ परेका छन् ।

# अब भिसा लिन लाइन लाग्नु नपर्ने

**दमक**/ नेपाल आउने विदेशीले अब अध्यागमनमा लाइन बसेर भिसा लिनुनपर्ने भएको छ । नेपाल आउनुअघि नै अनलाइनमार्फत इ-भिसा लिन सक्ने गरी तयारी पूरा भएको छ ।

तीन वर्ष लामो परीक्षण र गृहकार्यपछि अध्यागमन विभागले १५ भदौदेखि इ-भिसा लागू गर्न लागेको हो । यसको कार्यान्वयनका लागि प्राविधिकलगायत सबै तयारी पूरा भइसकेको विभागका निमित्त महानिर्देशक रहेका टीकाराम ढकालले बताए । 'इ-भिसाका लागि सबै तयारी पूरा भइसकेको छ, १५ भदौदेखि लागू गर्ने हाम्रो तयारी छ,' उनले भने, 'यससम्बन्धी कानुन संशोधन गर्न पनि गृह मन्त्रालयमा प्रस्ताव पुगिसकेको छ ।' हालको अध्यागमन नियमावलीमा इ-भिसासम्बन्धी प्रस्ट प्रावधान नभएकाले मन्त्रिपरिषद्बाट नियमावली संशोधन गर्न लागिएको छ ।

इ-भिसाको प्रणाली सुरु भएपछि विदेशी नागरिकको पासपोर्टमा भिसा स्टिकर टाँस्नुनपर्ने विभागले जनाएको छ । नेपाल आउने पर्यटकले आफू भएकै स्थानबाट अनलाइनमार्फत भुक्तानी गरी स्वीकृत भएपछि भिसा प्रिन्ट गर्न सक्नेछन् । नेपाल आएपछि अध्यागमन अधिकारीले त्यसलाई सक्कली भए-नभएको जाँच गरी आगमनको छाप लगाइदिनेछन् । 'यसले अध्यागमनमा हुने भिडभाड पनि कम हुनेछ,' बाँकी ४ पेजमा ▸▸

# भद्रपुरलाई उपमहानगरपालिका बनाउन सिफारिस गर्ने निर्णय

**भद्रपुर**/ झापाको सबैभन्दा पुरानो भद्रपुर नगरपालिकालाई उपमहानगरपालिका बनाउन सिफारिस गर्ने निर्णय भएको छ । गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सीमाना हेरफेर र नगरपालिका वर्गीकरण पुनरावलोकन सम्बन्धी मापदण्ड २०८३ अनुसार आज भएको सर्बपक्षीय भेलाले भद्रपुर नगरपालिकालाई उपमहानगरपालिका बनाउन सिफारिस गर्ने निर्णय गरेको हो ।

झापाको भद्रपुर नेपालकै चौथो नगरपालिका हो । भद्रपुर २००८ सालमै नगरपालिका बनेको थियो । त्यस ऐतिहासिकतालाई दृष्टिगत गरी हालको भद्रपुर नगरपालिकाको भूगोललाई कायम राख्दै सिमाना जोडिएका पालिकाका भूगोलहरुलाई आवश्यकता र सहमतिका आधारमा समावेश गरी उपमहानगरपालिका कायम गरिदिन विहिबार नगरपालिकामा आयोजित सर्वपक्षीय भेलाले सिफारिस गर्ने निर्णय गरेको हो । भद्रपुर नगरप्रमुख गणेश पोखरेलको अध्यक्षता र सहजीकरणमा भएको भेलामा उपप्रमुख राधा कार्कीसहित सबै राजनैतिक दलका प्रतिनिधि, बाँकी ४ पेजमा ▸▸

# सम्पादकीय

## जुट खेती विस्तार गरौं

पूर्वी तराईको कुनै समय प्रमुख नगदेबाली रहेको जुट खेती फेरि विस्तार हुन थालेको संकेत उत्साहजनक छ। सुनसरीमा गत वर्षको तुलनामा यस वर्ष जुट खेतीको क्षेत्रफल बढ्नु किसानले मूल्य र बजारमा सम्भावना देख्न थालेको प्रमाण हो। उद्योगमा कच्चा पदार्थको माग बढ्नु र स्थानीय उत्पादनले खेतमै बजार पाउनुले किसानलाई पुनः जुटतर्फ आकर्षित गरेको छ। यसलाई कृषि र उद्योगबीच कमजोर हुँदै गएको सम्बन्ध पुनः जोडिने अवसरका रूपमा लिनुपर्छ।

तर अहिले देखिएको उत्साहलाई दीर्घकालीन उपलब्धि ठानिहाल्नु उचित हुँदैन। विगतमा लागतअनुसारको मूल्य नपाउनु, श्रमिकको अभाव, रेसा निकाल्न अत्यधिक श्रम लाग्नु तथा बजारको अनिश्चितताका कारण किसान जुटबाट विस्थापित भएका थिए। अहिले मूल्य केही बढेको आधारमा मात्र किसानलाई खेतीमा टिकाइराख्न सकिँदैन। उत्पादन लागत घटाउने र आम्दानी सुनिश्चित गर्ने ठोस आधार आवश्यक छ।

जुट खेतीलाई दिगो बनाउन किसानले गुणस्तरीय बीउ, आधुनिक खेती प्रविधि, सुलभ श्रम तथा प्रशोधन उपकरण र उचित मूल्य पाउनुपर्छ। त्यस्तै, उद्योगले स्थानीय किसानबाट निश्चित परिमाणमा कच्चा जुट खरिद गर्ने व्यवस्था बनाउन सके बजारको जोखिम घटाउन सकिन्छ। किसानले उत्पादन गरेको कच्चा पदार्थ स्वदेशी उद्योगले खपत गर्ने र उद्योगले किसानलाई स्थिर बजार दिने चक्र निर्माण गर्नु अहिलेको आवश्यकता हो।

सरकारले बन्द वा कमजोर जुट उद्योग सञ्चालन गर्ने प्रयाससँगै त्यसको आधार मानिने किसानलाई पनि प्राथमिकतामा राख्नुपर्छ। अनुसन्धान केन्द्र, प्रदेश सरकार, स्थानीय तह र उद्योगबीच प्रभावकारी समन्वय भए प्रविधि हस्तान्तरण, बीउ वितरण, प्रशोधन र बजार व्यवस्थापन सहज हुन सक्छ।

जुट खेतीमा देखिएको पुनः आकर्षणलाई क्षणिक मूल्यवृद्धिमा सीमित हुन नदिई उत्पादनदेखि बजारसम्मको सम्पूर्ण शृंखला बलियो बनाउनुपर्छ। किसानको खेतदेखि उद्योगको ढोकासम्मको सम्बन्ध बलियो बनाउन सकिएमा जुट पुनः पूर्वी तराईको महत्वपूर्ण नगदेबाली बन्न सक्छ। अन्यथा अहिलेको आकर्षण पनि विगतकै समस्यामा पुगेर फेरि सेलाउने जोखिम रहन्छ।

## ज्येष्ठ नागरिकमा अधिकारी

■ श्यामकृष्ण लम्साल

दाम्राभिट्टा / मोरङको रतुवामाई-८ दाम्राभिट्टास्थित ज्येष्ठ नागरिक एकता समाजको पाँचौं साधारणसभा एवं छैटौं स्थापना दिवस सोमबार दाम्राभिट्टास्थित त्रिपुरेश्वर शिवालय मन्दिरको सभाकक्षमा सम्पन्न भएको छ।

रतुवामाई नगरपालिका, वडा नं. ८ का वडाध्यक्ष पुष्पबहादुर कार्कीको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा समाजसेवी बलबहादुर बस्नेत, पूर्व वडाध्यक्ष गोपी चापागाईं, जयराम अधिकारी लगायतका वक्ताहरुले ज्येष्ठ नागरिकका अनुभव भावी पिढीलाई मार्गदर्शक बन्ने हुँदा ज्येष्ठ नागरिकको सम्मानमा जोड दिनुपर्ने बताए।

साधारणसभाले ज्ञानप्रसाद अधिकारीको अध्यक्षतामा १० सदस्यीय कार्यसमितिको चयन गरेको छ। समितिका उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्षमा क्रमशः पार्वता अर्याल, तुलसीप्रसाद त्रिताल, प्रेमप्रसाद पौडेल र तेजनाथ दाहाल छानिएका छन् भने सदस्यहरुमा अम्विका तिम्सिना, जानुका पौडेल, तुलसा गौतम, गोमा तिम्सिना, पर्शुराम घिमिरे र दीपक दुलाल चयन भएको निर्वाचन समिति सदस्य शान्तिराम अधिकारीले बताए।

## सामाजिक सञ्जाल

## सरकारले भन्यो- "अख्तियार त्रास देखाउने होइन, परिणाम दिने संस्था बन्नुपर्छ"

दमक। सरकारले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्रास सिर्जना गरेर नभई आफ्ना काम कारबाहीबाट आफूलाई बलियो प्रमाणित गर्नुपर्ने बताएको छ। राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनलाई संशोधन गर्न बनेको विधेयकमाथिको छलफलमा बोल्दै कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमले आयोगको अनुसन्धान स्वच्छ र निष्पक्ष हुनुपर्नेमा जोड दिइन्।

मन्त्री गौतमले अख्तियारको त्रासका कारण सरकारी निर्णय प्रक्रियामा कर्मचारीहरू डराउने अवस्था रहेको र यसले विकास निर्माणमा अवरोध पुऱ्याएको बताइन्। 'अख्तियार त्रास सिर्जना गरेर हामी बलियो छौं भन्ने खालको हुनु हुँदैन,' उनले भनिन्, 'इमानदार कर्मचारी डराउने वातावरण हुनु भएन, भ्रष्टाचार गर्नेहरू मात्रै डराउनुपर्छ।'

निर्णय प्रक्रियामा रहेको डरका कारण फाइलहरू घुमिरहने र काममा ढिलासुस्ती हुने गरेको भन्दै मन्त्री गौतमले यसको प्रत्यक्ष असर जनतामा पर्ने बताइन्। उनले भनिन्, 'त्रासले गर्दा फाइलहरू घुमिरहने अवस्था छ, जसले काम ढिला हुन्छ। काम ढिला हुँदा आयोजनाको लागत बढ्छ र अन्त्यमा जनताको खर्च बढ्ने हो। त्यसैले पर्याप्त प्रमाण र तथ्यका आधारमा मात्रै अभियोजन गरिनुपर्छ।'

मन्त्री गौतमले गलत निर्णय र भ्रष्टाचार बिचको भिन्नता छुट्याउन आवश्यक रहेको उल्लेख गर्दै संवैधानिक निकायहरू कतै कसैलाई फसाउने वा बजाउने खेलमा प्रयोग हुन नहुने बताइन्। 'अख्तियारलाई कसैले पनि हतियार बनाउनु हुँदैन। चयनात्मक अभियोजन गर्ने रोग लाग्यो भने समस्या हुन्छ,' उनले भनिन्, 'अनुसन्धान र अभियोजन गर्दा बदनियत छ कि छैन भन्ने हेरिनुपर्छ।'

आयोगको कार्यक्षमता सुधारका लागि मन्त्री गौतमले अनुसन्धान र अभियोजनका लागि स्पष्ट गाइडलाइन बनाउनुपर्ने र अनुसन्धानको समय सीमा निर्धारण गरिनुपर्ने प्रस्ताव गरिन्। साथै, अनुसन्धानको गोपनीयता कायम नहुँदा त्यसले मुद्दामा प्रभाव पार्ने भन्दै गोपनीयतामा विशेष ध्यान दिन आग्रह गरिन्।

मुद्दाको सङ्ख्या बढाउनु भन्दा पनि नतिजामा केन्द्रित हुनुपर्ने धारणा राख्दै मन्त्री गौतमले भनिन्, 'हामीले मुद्दाको सङ्ख्यामा मात्र ध्यान दिने होइन, परिणाममा ध्यान दिनुपर्छ। नेपालमा अख्तियार स्थापना भएपछि कति भ्रष्टाचार रोकियो, त्यसको वैज्ञानिक मापन गरिनुपर्छ।' उनले सबैलाई एउटै आँखाले हेरेर अभियोजन गर्नुको सट्टा पर्याप्त कानुनी आधार र प्रमाण भएपछि मात्रै अगाडि बढ्न आयोगलाई सुझाव दिइन्।

# कांग्रेसको कलह र देउवाको दुरूपयोग !



✍ रश्मिशेखर सुवेदी

**इतिहासमा कुर्सीहरु धेरै आउँछन्, जान्छन् । गुटहरु बन्छन्, भत्किन्छन् । पदहरु फेरिन्छन् । तर एउटा नेताले आफ्नो अन्तिम समयमा गरेको त्याग भने पुस्तौँसम्म सम्झिन सकिन्छ ।**

राजनीतिमा केही क्षण यस्ता हुन्छन्, जहाँ एउटा निर्णयले वर्षौंको राजनीतिक यात्राको अर्थ नै बदलिदिन सक्छ। नेपाली कांग्रेसका पूर्व सभापति तथा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाको पछिल्लो राजनीतिक सक्रियतालाई पनि त्यस्तै एउटा क्षणका रूपमा हेर्न सकिन्छ। लामो राजनीतिक यात्रा, पटक(पटक प्रधानमन्त्रीको जिम्मेवारी र नेपाली कांग्रेसको नेतृत्व गरिसकेका देउवाबाट जीवनको उत्तरार्धमा धेरैले एउटा फरक अपेक्षा गरेका थिए( अब उहाँ पदका लागि होइन, राजनेताको भूमिकाका लागि अघि बढ्नुहुनेछ।

धेरै कांग्रेसीको मनमा एउटा कल्पना थियो- देउवा फर्किएपछि कांग्रेसभित्रको संस्थापन र इतर पक्षबीचको लामो विवाद साम्य हुनेछ। पुरानो र नयाँ पुस्ताबीच पुल बन्नुहुनेछ देउवा! आफ्ना समर्थक र आलोचक दुवैलाई एउटै ठाउँमा राखेर कांग्रेसलाई नयाँ बाटो देखाउनुहुनेछ! अझ महत्वपूर्ण कुरो जीवनमा धेरै राजनीतिक पद प्राप्त गरिसकेका नेताले अब कुर्सीभन्दा माथि उठेर आफ्नो अन्तिम राजनीतिक अध्यायलाई सम्मानित बनाउनुहुनेछ!

सायद यही अपेक्षाले धेरैलाई २०३३ सालको बीपी कोइरालाको स्वदेश फिर्ती सम्झायो पनि। बीपी नेपाल फर्किँदा उहाँका अगाडि व्यक्तिगत सुविधा र राजनीतिक सुरक्षा थिएन। उहाँमाथि गम्भीर जोखिम थियो। तर उहाँ राष्ट्र, राष्ट्रियता र प्रजातन्त्रको प्रश्न बोकेर फर्किनुभयो। २०३३ को बीपीको त्यो फर्काइ केवल एउटा नेताको घरफिर्ती मात्र थिएन; राष्ट्रिय एकता तथा मेलमिलापको एउटा ऐतिहासिक राजनीतिक दायित्व थियो। बीपी सहजले निर्वासित हुनुभएको थिएन।

देउवाको परिस्थिति बीपीको जस्तो होइन। देउवा उपचारका लागि बिदेशिनु भएको थियो। त्यो निर्वासन थिएन। आजको नेपाल पनि २०३३ सालको नेपाल होइन। त्यसैले बीपीको नीति जस्ताको तस्तै दोहोऱ्याउने कुरा नहोला! तर बीपीको राजनीतिक यात्राबाट एउटा मूल शिक्षा लिन सकिन्थ्यो(व्यक्तिगत राजनीतिक स्वार्थभन्दा माथि राष्ट्र र लोकतान्त्रिक संस्थालाई राख्ने साहस।

यही ठाउँमा देउवाबाट अपेक्षा गरिएको थियो- अब उहाँले कांग्रेसभित्रको गुटीय द्वन्द्वभन्दा माथि उठेर मेलमिलापको भूमिका खेल्नुहुनेछ। 'अब मेरो होइन, नयाँ पुस्ताको पालो हो' भन्न सक्नुहुनेछ। आफ्नो उत्तराधिकारी निर्माण गर्न सक्नुहुनेछ। सभापतिको कुर्सीमा आफ्नो निरन्तरता खोज्ने भन्दा आफूलाई कुर्सीभन्दा माथि उठाएर अभिभावकको स्थान बनाउन सक्नुहुनेछ!

त्यो अवसर सानो थिएन। बरु उहाँको लामो राजनीतिक जीवनले दिएको राजनेता बन्ने दुर्लभ अवसर थियो। तर पछिल्ला घटनाक्रमले यही अपेक्षामाथि गम्भीर प्रश्न खडा गरेका छन्। 'चुनदेवी' प्रसंगलाई एउटा गम्भीर राजनीतिक प्रश्नका रूपमा हेर्न सकिन्छ। प्रश्न कुनै भवन वा बरन्डाको होइन; प्रश्न त्यहाँबाट अभिव्यक्त भएका राजनीतिक मनोवृत्तिको हो। धेरैले अभिभावक खोजेका थिए। तर त्यो अपेक्षा निश्फल भयो।

राजनीतिमा एकता र गुटीय व्यवस्थापनबीच ठूलो अन्तर हुन्छ। सबै पक्षलाई सम्मान गर्दै संस्थालाई बलियो बनाउनु एकता हो। पुरानो शक्ति(समीकरण जोगाउन आफ्नालाई वरिपरि राख्नु गुटीय व्यवस्थापन हो। त्यसले कांग्रेस एकताको नारालाई पनि व्यवहारबाट टाढा पुऱ्यायो।

एकताका नाममा नयाँ पुस्तालाई ठाउँ दिइन्छ कि पुरानो शक्ति संरचना जोगाइन्छ? असहमत पक्षलाई सम्मान गरिन्छ कि आफ्नो समूहलाई मात्र संरक्षण दिइन्छ? नेतृत्व हस्तान्तरणलाई सहज बनाइन्छ कि हरेकपटक नयाँ समीकरण बनाएर प्रभाव कायम राख्ने प्रयास हुन्छ? यी प्रश्नको उत्तरले नाराभन्दा बढी वास्तविकता देखाउँछ।

यही सन्दर्भमा कांग्रेसको विशेष महाधिवेशनले उठाएको प्रश्न पनि महत्वपूर्ण छ। यो केवल नेतृत्व परिवर्तनको प्रश्न होइन; यो पुस्तान्तरण र राजनीतिक संस्कार परिवर्तनको प्रश्न हो। विशेष महाधिवेशनको माग र त्यसलाई लिएर भएको विवादले कांग्रेसभित्रको गहिरो शक्ति संघर्षलाई सतहमा ल्यायो। त्यसले एउटा आधारभूत प्रश्न उठायो( राजनीतिक दलको नेतृत्व जिम्मेवारी हो कि स्थायी अधिकार?

युवा पुस्ताले प्रश्न नगरेको भए के हुन्थ्यो? पुरानो नेतृत्व आफैं सहज रूपमा बाटो छोड्थ्यो? वा फेरि अर्को सहमति, अर्को समीकरण र अर्को बहानामार्फत आफ्नो प्रभाव कायम राख्थ्यो? यसको निश्चित उत्तर इतिहासले होइन वर्तमानले नै दिइसकेको छ। तर विशेष महाधिवेशनको बहसले एउटा कुरा स्पष्ट गरेको छ( अब पुस्तान्तरणको प्रश्नलाई अनन्तकालसम्म टार्न सकिँदैन।

तर यहाँ नयाँ पुस्ताको पनि परीक्षा छ। पुरानो गुट हटाएर नयाँ गुट बनाउनु परिवर्तन होइन। पुरानो सुविधा(संस्कृतिको ठाउँमा नयाँ सुविधा(संस्कृति स्थापित गर्नु पुस्तान्तरण होइन। नयाँ कांग्रेस बनाउन नयाँ अनुहार मात्र पर्याप्त हुँदैन; नयाँ राजनीतिक चरित्र आवश्यक हुन्छ( पारदर्शिता, जवाफदेहिता, आन्तरिक लोकतन्त्र र संस्थालाई व्यक्तिभन्दा माथि राख्ने संस्कार।

आज नेपाली राजनीतिप्रति जनताको असन्तुष्टि बढिरहेको छ। युवा विदेशिन बाध्य छन्। रोजगारीको प्रश्न छ। राज्यप्रतिको विश्वासमा संकट छ। राजनीतिक नेतृत्वप्रतिको वितृष्णा बढिरहेको छ। यस्तो समयमा अनुभवी नेताहरूबाट देशले नयाँ राजनीतिक सन्देश खोजिरहेको छ। तर बहस फेरि पनि कसको गुट बलियो, कसको पद सुरक्षित र कसको मान्छे कहाँ पुग्यो भन्नेमा सीमित भयो भने स्वाभाविक रूपमा प्रश्न उठ्छ( राजनीतिले यति लामो यात्राबाट सिकेको कुरा यत्ति मात्र हो?

देउवाको आलोचना गर्दा उहाँको सम्पूर्ण राजनीतिक योगदानलाई नकार्नु उचित हुँदैन। उहाँको लामो लोकतान्त्रिक यात्रा र राजनीतिक भूमिकाको आफ्नै इतिहास छ। तर विगतको योगदानले वर्तमानको निर्णयमाथि प्रश्न गर्न रोक्दैन। बरु लामो राजनीतिक जीवन बिताएका नेताबाट अपेक्षा अझ ठूलो हुन्छ। किनकि एउटा समय आउँछ, जब राजनीतिज्ञले आफैंलाई सोध्नुपर्छ( अब मैले के पाउने होइन, के दिएर जाने? यही प्रश्नले नेता र राजनेताबीचको दूरी निर्धारण गर्छ।

सत्ता र पद चाहनु राजनीतिमा अस्वाभाविक होइन। तर जीवनको उत्तरार्धमा पनि पदकै निरन्तरता मुख्य लक्ष्य बन्यो भने त्याग र विरासतको प्रश्न उठ्छ। कुर्सी केही वर्षका लागि हुन्छ; राजनीतिक विरासत पुस्तौँसम्म रहन सक्छ। पदले अधिकार दिन्छ, त्यागले सम्मान दिन्छ।

देउवासँग पनि यही अवसर थियो। उहाँले चाहनुभएको भए आफ्नो राजनीतिक जीवनको अन्तिम परिचय यस्तो बनाउन सक्नुहुन्थ्यो( 'धेरैपटक प्रधानमन्त्री भएका देउवा' मात्र होइन, 'आफ्नो अन्तिम समयमा कांग्रेसलाई एकताबद्ध गरी नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गरेका देउवा।'

त्यसका लागि उहाँले आफ्नो गुटभन्दा माथि उठ्नुपर्थ्यो। आफ्ना समर्थकभन्दा बाहिर हेर्नुपर्थ्यो। पदभन्दा संस्थालाई रोज्नुपर्थ्यो। र अन्ततः कांग्रेसभन्दा पनि माथि लोकतन्त्र र राष्ट्रलाई राख्नुपर्थ्यो।

वरिपरिका मानिसले नेताको निर्णयमा प्रभाव पार्न सक्छन्। चाकडी, स्वार्थ र पदलोलुपताको घेरा शक्तिशाली नेताका लागि खतरनाक हुन सक्छ। त्यही स्वार्थ समूहले देउवाको दुरुपयोग गरिरहेको छ। यसको दोषी स्वयं शेरबहादुर देउवा आफैं हुनुहुन्छ। अन्तिम जिम्मेवारी नेताकै हुन्छ। 'अरूले बिगारे' भनेर नेतृत्व आफ्नो निर्णयबाट मुक्त हुन सक्दैन। राजनेताको वास्तविक परीक्षा नै यही हो( वरिपरिबाट कस्तो सल्लाह आयो होइन, इतिहासको अगाडि आफूले कुन निर्णय गरियो? त्यसैले नेता बन्न सहज होला तर राजनेता बन्न सरल छैन।

त्यसैले देउवाको वरिपरि रहेको समूहप्रति प्रश्न उठाउनु स्वाभाविक भए पनि अन्तिम प्रश्न देउवामै पुग्छ। उहाँले आफ्नो राजनीतिक जीवनको अन्तिम अध्याय कसरी लेख्नुहुन्छ? अझै पनि उहाँले सच्चा मनले चाहनु हो भने गुटभन्दा माथि उठेर संवादको पुल बन्न सक्नुहुन्छ। नयाँ पुस्तालाई बाटो दिन सक्नुहुन्छ। कांग्रेसलाई व्यक्तिगत शक्ति(केन्द्र होइन, संस्थागत लोकतान्त्रिक पार्टी बनाउने भूमिका खेल्न सक्नुहुन्छ। आफूले धेरै पाएको अनुभूतिको साथमा अब केही दिएर जाने निर्णय गर्न सक्नुहुन्छ।

यदि उहाँको राजनीति फेरि पनि पद, शक्ति र गुटकै वरिपरि घुमिरह्यो भने इतिहास निर्मम हुन्छ। इतिहासले नेताको भाषणभन्दा संकटको क्षणमा गरेको निर्णय सम्झन्छ।

इमान्दार कांग्रेसले देउवाबाट अभिभावकत्व खोजेका थिए। मेलमिलाप खोजेका थिए। त्याग खोजेका थिए। जीवनको उत्तरार्धमा पदभन्दा माथि उठेको एउटा राजनेता खोजेका थिए। त्यो अपेक्षा गलत थिएन। लामो राजनीतिक जीवन बिताइसकेका नेताबाट त्यति अपेक्षा गर्नु स्वाभाविक नै थियो। तर राजनीतिलाई अन्ततः अपेक्षाले होइन, सोच र चिन्तनले डोहोऱ्याउंदोरहेछ।

नेताको महानता उसले कति लामो समय सत्ता र पदमा बितायो भन्नेमा होइन, सत्ता र पदको मोहभन्दा माथि उठेर कुन क्षणमा के त्याग गर्न सक्यो भन्नेमा मापन हुन्छ। देउवासँग त्यो अवसर थियो। सायद यो उहाँको राजनीतिक जीवनको सबैभन्दा ठूलो र अन्तिम अवसरमध्ये एक थियो। उहाँले चाहनुभएको भए आफ्नो परिचयलाई 'धेरैपटक प्रधानमन्त्री भएका कांग्रेस सभापतिमा सीमित नराखी, आफ्नो अन्तिम समयमा कांग्रेसलाई पुस्तान्तरणको बाटो देखाउने राजनेताका रूपमा स्थापित गर्न सक्नुहुन्थ्यो। देउवालाई त्यसका लागि उहाँले कसैसँग युद्ध जित्नुपर्ने थिएन। केवल एउटा निर्णय गर्नुपर्ने थियो( आफ्नो राजनीतिक शक्ति जोगाउने कि आफ्नो राजनीतिक विरासत बनाउने?

इतिहासमा कुर्सीहरू धेरै आउँछन्, जान्छन्। गुटहरू बन्छन्, भत्किन्छन्। पदहरू फेरिन्छन्। तर एउटा नेताले आफ्नो अन्तिम समयमा गरेको त्याग भने पुस्तौँसम्म सम्झिन सकिन्छ।

बीपीको फर्काइलाई आज पनि त्यसैले सम्झिइन्छ( उहाँले आफ्नो राजनीतिक भविष्यभन्दा माथि राष्ट्रको भविष्यलाई राख्न खोज्नुभयो। देउवाको मूल्यांकन पनि अन्ततः यही धरातलमा हुनसक्थ्यो। तर, उहाँले आफ्नो अन्तिम राजनीतिक अवसर गुमाउँदै हुनुहुन्छ। देशले उहाँमा राजनेताको सम्भावना देखेका थियो होला! त्यो सम्भावना अझै पूर्ण रूपमा समाप्त भएको नहोला! तर अब इतिहासले उहाँलाई भाषणबाट होइन, निर्णयले मापन गर्नेछ।

अन्ततः प्रश्न कांग्रेसको सभापति को भयो भन्ने मात्र होइन। प्रश्न यो हो( कसले आफ्नो समय सकिएपछि पनि संस्थालाई आफूभन्दा ठूलो र मर्यादित बनाउन सक्यो? यदि देउवाले त्यो गर्न सक्नुभयो भने उहाँको लामो राजनीतिक यात्राको अन्तिम अध्याय सम्मानका साथ लेखिनेछ। यदि सक्नुभएन भने उहाँले धेरैपटक पाएको पद त इतिहासले सम्झिएला, तर उहाँसँग रहेको राजनेता बन्ने अवसर भने इतिहासको एउटा अधुरो सम्भावना बनेर रहनेछ। त्यसैले आज फैसला सुनाउने होइन, इतिहासलाई हेर्नु उचित हुनेछ।

बीपी राष्ट्र बचाउने चिन्तासहित निर्वासनबाट स्वदेश फर्कनुभएको थियो। देउवा सहजतामा देश फर्किँदा धेरैले गरेको बीपीकै त्यो उचाइको अपेक्षा पूर्णतयः अवमूल्यन भएको छ। देउवा, गुट भन्दा माथि उठ्न सक्नुभएन। वहाँलाई त्यही गुटले नै समाप्त पार्दैछ, जसले स्वार्थकोलागि देवत्वकरण गरिरहेछ।

अब शेरबहादुर देउवाको अगाडि एउटा मात्र बाटो बाँकी छ ( कुर्सीभन्दा माथि उठ्ने, गुटभन्दा माथि उठ्ने र अन्ततः आफूभन्दा पनि माथि उठेर इतिहासमा ठाउँ बनाउने। किनकि, राजनीतिज्ञको यात्रा पदसंगै समाप्त हुन्छ तर राजनेताको यात्रा त्यागबाट सुरु हुन्छ।

## सात हजार कुखुराको "पोष्टमार्टम" गर्दा १० रोग पहिचान

दमक/ राष्ट्रिय पन्छी रोग अन्वेषण प्रयोगशालाले एक वर्षमा सात हजार कुखुराको शरीरभित्रको रोग पत्ता लगाउन 'पोष्टमार्टम' गरेको छ। १६ जिल्लाका कुखुरापालक किसानले पालेका कुखुराको पोष्टमार्टम गरी रोग पहिचान गरिएको हो।

प्रयोगशालाका प्रमुख डा विजयकुमार श्रेष्ठका अनुसार पोष्टमार्टम गरिएका कुखुरामा विभिन्न प्रकारका रोग देखिएको थियो। प्रयोगशाालाले पोष्टमार्टमबाहेक रोग पहिचानको काम गरेको छ। एक हजार ५०० कुखुराको नमुना परीक्षणका क्रममा कुखुरामा १० रोग देखिएको बताए। परीक्षणका क्रममा २२ प्रतिशत कुखुरामा इकोलाई, १३ प्रतिशतमा गम्बारो, नौ प्रतिशतमा कुखुरामा घ्यारघ्यारको रोग ( सिआरडी) देखिएको छ। ढुसीजन्य रोगका नौ प्रतिशत, सिसिआरडी चार प्रतिशत, साल्मोनेलोसिस तीन दशमलव पाँच प्रतिशतमा देखिएको छ।

यस्तै, एभिएन 'इन्फ्लुएन्जा', कुखुराको हैजा, आइबी र रानीखेतको सङ्क्रमण देखिएको हो। द्रुत परीक्षणका क्रममा २७८ वटा नमुना परीक्षणका क्रममा ४७ वटामा एभीएन इन्फ्लुएन्जा सङ्क्रमण देखिएको छ। एक सय ७६ वटा गम्बारो परीक्षणका क्रममा १०९ मा सङ्क्रमण देखिएको छ। उनान्सय वटाको रानीखेत परीक्षण गर्दा सात वटामा रोग देखिएको छ भने ४६ वटा आइवी परीक्षणका क्रममा दुई वटामा सङ्क्रमण देखिएको बताए।

यसैगरी, ३६९ वटाको पिएटी विधिबाट नमुना परीक्षणका क्रममा १२ वटामा साल्मोनेला, ३६० वटा नमुना परीक्षणका क्रममा १६ वटामा माइकोप्लाजमा, १८४ वटाको इलाइजा परीक्षणका क्रममा ३८ वटामा माइकोप्लाजमा र १८४ वटाको परीक्षणका क्रममा ९२ वटामा चिकेन इन्फेक्सस एनेमिया भाइरस (सिआइएभी) सङ्क्रमण देखिएको हो। नौ सय वटा कुखुराको नमुना कल्चर गर्दा ७८९ नमुनामा सङ्क्रमण देखिएको छ। सङ्क्रमण देखिएकालाई कुन एन्टीबायोटिक प्रयोग गर्ने भन्ने विषयमा जानकारी सेवाग्राहीलाई दिइएको छ।

## नेपालमा १ सय ६८ प्रजातिका लामखुट्टे



दमक/ विश्व लामखुट्टे दिवस नेपालमा 'सानो टोकाइ, ठुलो चुनौती' भन्ने नाराका साथ विविध कार्यक्रम आयोजना गरेर मनाइएको छ। लामखुट्टेको टोइकाइबाट उत्पन्न हुने रोगबाट बच्न तथा यसबारे जनचेतना फैलाउन यो दिवस मनाइन्छ। लामखुट्टेको टोकाइबाट औंलो, डेङ्गु, चिकन गुनिया, कालाजार, स्क्रब टाइफस, हात्तीपाइले, जापनिज इन्सेफलाइटिसजस्ता रोगहरू लाग्दछ। नेपालमा हालसम्म १६८ प्रजातिका लामखुट्टे भेटिएको पुष्टि भएको छ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्वास्थ्य सेवा विभागका अनुसार नेपालमा गत आवमा ती रोगबाट करिब १८ हजार ७१० जना प्रभावित भएका थिए। पछिल्लो समय जलवायु परिवर्तनका असरका कारण उच्च हिमाली भेगमासमेत लामखुट्टेको टोकाइबाट हुने रोगको जोखम उच्च हुँदै गएका छन्। विभागले सातवटै प्रदेशमा कीटजन्य रोग नियन्त्रणका लागि प्रयोगशाला स्थापना गरेर विभिन्न काम गरिरहेको जनाएको छ। किट रोग नियन्त्रण शाखाका प्रमुख डागोकर्ण दाहालका अनुसार पछिल्लो समय कीटजन्य रोग ५६ जिल्लामा देखा परिसकेको छ।

# भोजपुरमा करिब ३२ सय ७२ हेक्टरमा आलु खेती



भोजपुर / भोजपुरका ग्रामीण क्षेत्रमा उत्पादन भएको आलु पछिल्लो समय सहज रूपमा बजारसम्म पुग्न थालेको छ। सडक सञ्जाल विस्तार भएसँगै गाउँमै व्यापारी पुगेर आलु खरिद गर्न थालेपछि किसानलाई उत्पादन बिक्रीका लागि बजार खोज्दै हिँड्नुपर्ने बाध्यता हट्दै गएको हो।

उत्पादन बिक्रीका लागि बजार खोज्दै जानुपर्ने र ढुवानीको समस्या व्यहोर्नुपर्ने बाध्यता हटेपछि किसान व्यावसायिक आलु खेतीतर्फ आकर्षित हुन थालेका छन्।

टेम्केमैयुङ गाउँपालिका(५ मझौलेका किसान रामबहादुर विष्टका अनुसार गाउँमै आलु प्रतिकिलो रु ४० देखि ५० सम्म बिक्री हुने गरेको छ। प्राङ्गारिक मलको प्रयोग गरेर उत्पादन गरिएको स्थानीय आलुको बजारमा राम्रो माग रहेको उनले बताए। गाउँबाट खरिद गरिएको आलु सहरमा पुग्दा प्रतिकिलो रु ६५ देखि ८० सम्ममा बिक्री हुने गरेको छ।

"गाउँमा उत्पादन भएको आलु पहिले बिक्री गर्न निकै समस्या हुन्थ्यो," उनले भने, "उत्पादन गरेर पनि घरमै राख्नुपर्ने अवस्था थियो। सडकको सुविधा भएपछि व्यापारी गाउँमै आउन थालेका छन्। यसले उत्पादन बिक्री गर्न सहज भएको छ।"

किसान धनराज राईका अनुसार केही वर्षअघिसम्म गाउँबाट आलु बजारसम्म पुर्‍याउन निकै कठिन थियो। सडक सुविधा नहुँदा भरिया तथा अन्य साधनको प्रयोग गर्दा ढुवानी खर्चसमेत बढी लाग्ने गरेको उहाँले बताउनुभयो। अहिले गाउँसम्म सडक पुगेपछि व्यापारी घरघरमै पुगेर आलु खरिद गर्न थालेका छन्।

"पहिले आलु उत्पादन गरेपछि कहाँ लगेर बेच्ने भन्ने चिन्ता हुन्थ्यो," उनले भने, "बजारसम्म पुर्‍याउँदा ढुवानी खर्च धेरै लाग्थ्यो। अहिले गाउँमै व्यापारी आएर आलु खरिद गर्ने भएकाले किसानलाई निकै सहज भएको छ।"

भोजपुरमा सडक सञ्जाल विस्तारसँगै ग्रामीण क्षेत्रमा उत्पादित कृषि उपजको बजारीकरणमा समेत सुधार हुँदै गएको छ। आलु, मकै, तरकारी, फलफूललगायतका कृषि उपज बजारसम्म पुर्‍याउन सहज भएको किसानको भनाइ छ।

जिल्लाका विभिन्न ग्रामीण क्षेत्रमा उत्पादन हुने आलु स्थानीय बजारसँगै धरान, इटहरीलगायतका सहरी क्षेत्रमा पुग्ने गरेको छ। प्राङ्गारिक मलको प्रयोग गरेर उत्पादन गरिएको आलुको स्वाद र गुणस्तर राम्रो भएकाले बजारमा माग बढेको उनीहरू बताउँछन्। भोजपुरमा करिब तीन हजार २७२ हेक्टर क्षेत्रफलमा आलु खेती हुने गरेको कृषि ज्ञान केन्द्र भोजपुरले जनाएको छ।

## खानपिन जीवनशैली

# ड्र्यागन फ्रुटका अनेक फाइदा, कसले खानु हुँदैन ?

दमक/ ड्र्यागन फ्रुटका अनेक फाइदा छन्। पछिल्लो समय स्थानीय स्तरमा खेती हुन थालेपछि बजारमा यसको भाउ पनि घटेको छ। धेरैले यसलाई निकै रुचीका साथ खान्छन्। यसमा इलेक्ट्रोलाइट्स र पोटासियममा प्रचुर मात्रामा पाइन्छ। त्यसैले आर्द्र र तातो मौसममा शरीरको लागि यो लाभदायक मानिन्छ। तर सबैका लागि यो फल उपर्युक्त हुँदैन। आजको यस लेखमा हामी यो फल क-कसले खानु हुँदैन भनेर कुराकानी गर्नेछौं।

गर्मी मौसममा शरीरबाट धेरै पसिना आउँछ। यस्तोमा शरीरमा इलेक्ट्रोलाइट सन्तुलन बिग्रन सक्छ। ड्र्यागन फ्रुटमा इलेक्ट्रोलाइट्सको राम्रो मात्रा हुन्छ, त्यसैले यसको सेवनले शरीरमा इलेक्ट्रोलाइट सन्तुलन कायम राख्न मद्दत गर्न सक्छ।

भिटामिन सी पनि प्रशस्त हुन्छ।

ड्र्यागन फलमा राम्रो मात्रामा भिटामिन सी पाइन्छ। भिटामिन सी शरीरको रोग प्रतिरोधात्मक क्षमताको लागि फाइदाजनक हुन्छ। यसमा आइरन पनि हुन्छ। त्यसैले रक्तअल्पता वा रगतको कमीबाट पीडित व्यक्तिहरूले आफ्नो आहारमा ड्रागन फल समावेश गर्न सक्छन्। यो फल बालबालिका र वृद्धवृद्धाहरूका लागि पनि धेरै फाइदाजनक छ। तर केही मानिसहरूले ड्र्यागन फ्रुट खानबाट बच्नुपर्छ। मिर्गौला रोगी र गर्भवती महिलाहरूले यसलाई अत्यधिक मात्रामा बेवास्ता गर्नुपर्छ। पोटासियमको मात्रा बढी हुने भएकाले यी व्यक्तिहरूले यसलाई बेवास्ता गर्न भनिन्छ। मिर्गौलासम्बन्धी समस्या भएका व्यक्तिहरूलाई पनि डाक्टरसँग परामर्श नगरी यसलाई बढी मात्रामा सेवन नगर्न भनिन्छ।

SHREE RATNA JEWELLERY
गुणस्तुता कायम, विश्वसलको परिचय
आजको सुनचाँदीको दर
मिति: 2083/05/04
छापावाला सुन प्रति तोला रू. 313,900/-
चादी प्रति तोला रू. 4,870/-
सुनचाँदीका आकर्षक डिजाइन तथा गुणस्तरीय गहनाहरा लागि हामीलाई सम्पकगुहोस्।
9815996315
दमक, झापा

### कारवाहीप्रति आपत्ति

दमक । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का नेता कमल थापाले बागमती प्रदेश सभाका सदस्य एवं संसदीय दलका नेता उद्धव थापालाई गरिएको कारबाहीप्रति आपत्ति जनाएका छन् । बिहीबार बसेको राप्रपाको कार्यसम्पादन समितिको बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै नेता थापाले उद्धव थापालाई जबरजस्ती कारबाही गरेको भन्दै आफ्नो असहमति रहेको बताए ।

संसदीय दलका नेता उद्धव थापामाथि गरिएको कारबाहीको निर्णय पार्टीको विधि, विधान र पद्धति विपरीत हतारमा र जबरजस्ती लादिएको उनको तर्क थियो ।

## साहित्य- कविता

# पशुपतिनाथ मन्दिर कि आर्यघाट ?



**श्रेया पोखरेल**

जन्मदेखि मृत्युसम्मको पाठ
थाहा हुन्छ यहाँ उभिँदा साथ
कोही भने बस्छन् सबै थोक त्यागी
कोहीलाई आफन्त गुमाउँदा आँसुको भारी
बिदेसिने रहरमा कसैले बोक्छन् पिरको भारी।

कोही छन् बाँचेका अर्काको भरमा
कोही भने दान, पुण्य, धर्म र कर्ममा
कोही छन्, ग्रह शान्तिमा बसेका
कोही छन् साधु खरानी घसेका
कोही भने भजनकीर्तनमा मन्त्रमुग्ध
कोही भने शंखको धुनमा मग्न।

देखिन्छन् यहाँ अनेक चित्र
नसकिने बुझ्न कसैको चरित्र
केहीबेर टक्क उभिएर हेर्दा
त्यो लासलाई छोप्ने सेतो पर्दा
छाती चिरेर रोएको देख्दा।
मनभरि चल्यो प्रश्नको वर्षा
के रैछ जीवन, दुई दिनको चोला।

पशुपतिनाथ मन्दिर कि आर्यघाट ?
थाहा हुन्छ यहाँ उभिँदा साथ।

## स्वास्थ्य

# दमकमा तेजस् डेन्टल क्लिनिक सञ्चालनमा



दमक । झापाको दमकमा दाँत तथा मुखसम्बन्धी विशेषज्ञ उपचार सेवा दिने उद्देश्यले तेजस् डेन्टल क्लिनिकले आजदेखि औपचारिक सेवा सुरू गरेको छ । दमक-६ स्थित बेलडाँगी रोडको केडी कम्प्लेक्सको ग्राउण्ड ˆलोरमा सञ्चालनमा आएको क्लिनिकको औपचारिक उद्घााटन दमक नगर प्रमुख रामकुमार थापाको उपस्थितिमा गरिएको हो ।

क्लिनिकका सञ्चालक कमल गैरेको अध्यक्षतामा आयोजित उद्घाटन कार्यक्रममा नगर प्रमुख थापाले दमकमा स्वास्थ्य सेवालाई थप प्रभावकारी, गुणस्तरीय र सेवामुखी बनाउन निजी क्षेत्रको योगदान महत्वपूर्ण हुने बताए । उनले स्थानीयस्तरमै विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध हुँदा नागरिकलाई उपचारका लागि बाहिर जानुपर्ने बाध्यता कम हुने धारणा राखे ।

दमक उद्योग वाणिज्य संघका अध्यक्ष गोपाल गुरागाईंले व्यवसाय सञ्चालनसँगै व्यवसायीको अधिकार र हित संरक्षणमा संघले अभिभावकीय भूमिका निर्वाह गर्दै आएको बताए । उनले दमकका सबै व्यवसायीलाई उद्योग वाणिज्य संघमा आबद्ध हुन तथा आˆनो व्यवसायलाई आन्तरिक राजस्व कार्यालयमा विधिवत् दर्ता गर्न आग्रह गरे । क्लिनिकका सञ्चालक गैरेले दमकमा दन्त उपचारका विषयमा रहेका भ्रम र समस्यालाई न्यूनीकरण गर्ने उद्देश्यले तेजस् डेन्टल क्लिनिक सञ्चालनमा ल्याइएको बताए । दाँतको उपचार निकै महँगो हुन्छ भन्ने आम बुझाइलाई व्यवहारमै परिवर्तन गर्न तथा जटिल दन्त उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यता कम गर्न क्लिनिक स्थापना गरिएको उनको भनाइ छ ।

गैरेले क्लिनिकले उपचारसँगै सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई पनि प्राथमिकता दिने बताए । विभिन्न संघसंस्था तथा समूहसँग वार्षिक सम्झौता गरी उपचार शुल्कमा सहुलियतसहित सेवा उपलब्ध गराउने योजना रहेको उनले जानकारी दिए ।

क्लिनिकमा दाँत तथा मुखसम्बन्धी परीक्षण र उपचारसँगै विशेषज्ञ चिकित्सकमार्फत अर्थोडोन्टिक्स, दाँत भर्ने, जरादेखि उपचार, दाँत निकाल्ने, इम्प्लान्ट, कृत्रिम दाँत तथा मुखसम्बन्धी शल्यक्रियालगायत सेवा उपलब्ध हुने जनाइएको छ । सेवाग्राहीलाई सहज र सर्वसुलभ उपचार उपलब्ध गराउने क्लिनिकको योजना छ । तेजस् डेन्टल क्लिनिकले बिहान ७ बजेदेखि राति १० बजेसम्म सेवा दिने जनाएको छ । क्लिनिकमा विशेषज्ञ चिकित्सकहरु डा. रमण ढुंगेल, डा. मोलिका श्रेष्ठ, डा. टंक न्यौपाने, डा. कमल श्रेष्ठ, डा. सायारा ढकाल र डा. सुरज शाहले दैनिक सेवा प्रदान गर्ने जनाइएको छ ।



## पुस्तक साभार

# नेपालको इतिहास र समाज अध्ययन

✍ डा. सूर्यमनि अधिकारी

### कीर्तिपुरको दोस्रो युद्ध

गतांक.....

मकवानपुर विजयपछि पृथ्वीनारायण शाहले पुनः आफ्नो ध्यान कीर्तिपुरतर्फ केन्द्रित गरे । आर्थिक नाकाबन्दीले गर्दा उपत्यकावासीहरूले ठूलो कष्ट भोग्नुपरिरहेको थियो । उपत्यकाका राजाहरु पहिलेजस्तो यतिखेर आपसमा मिल्न सकेका थिएनन् । वि.सं. १८२१ को भाद्र महिनामा पृथ्वीनारायण शाहले शूरप्रताप शाह, दलजित शाह र श्रीहर्ष पन्तको नेतृत्वमा कीर्तिपुरमा आक्रमण गर्न सेना पठाए । यसपटक उपत्यकाका कुनै पनि राज्य कीर्तिपुरको रक्षार्थ आएनन् तापनि कीर्तिपुरेहरु शहरमा प्रवेश गर्ने मुख्य गोपुरद्वार बन्द गरी आक्रमणको मुकाबिला गर्न तयार भएर बसे । कीर्तिपुर शहर चारैतिर अग्लो पर्खालले घेरिएको उच्च स्थानमा थियो । प्रवेशद्वार पनि बन्द गरिएकाले गोर्खालीहरूले बाँसका भऱ्याङ हाली पर्खाल नाघेर आक्रमण गर्ने सुरसार गरे । सेनापति शूरप्रताप शाह पर्खालमा उक्लेका मात्र थिए कि कीर्तिपुरेहरूले माथिबाट लडएका ढुङ्गाले लागेर अर्का सेनापति दलजित शाहसहित केही गोर्खाली सैनिक घाइते भए । सेनापतिहरु घाइते भएकाले गोर्खाली सैनिकहरु तितरवितर भई फर्किए । यसरी कीर्तिपुरमाथिको दोस्रो आक्रमण पनि विफल भयो ।

**कीर्तिपुर विजय**

दुई पटकसम्म हार खानुपरेकोले पृथ्वीनारायण शाहले अन्य चाल चलेर कीर्तिपुरमा अधिकार गर्ने विचार गरे । उनले काजी वंशराज पाण्डेको नेतृत्वमा कीर्तिपुर शहरलाई घेराबन्दी गर्न गोर्खाली फौज पठाए। गोर्खाली सेनाको घेराबन्दीले कीर्तिपुरेहरूको बाहिरी सम्पर्क विच्छेद भयो । छ महिनासम्म घेराबन्दी कायम रहँदा कीर्तिपुरेहरूको कष्टको सीमा रहेन। उनीहरूले पाकेको धानबाली भित्र्याउन पनि पाएनन् । यसैबीच गोर्खालीहरूले कीर्तिपुरका रक्षक काजी धनवन्तका एक मात्र छोरा वीरनरसिंहलाई झुक्याएर अपहरण गरी नुवाकोट पुऱ्याए । कीर्तिपुरेहरूले आत्मसमर्पण नगरेमा वीरनरसिंहलाई मार्ने चेतावनी दिइयो। यता वंशराज पाण्डेले पनि आत्मसमर्पण गरेमा कीर्तिपुरेहरूको जीउधनको सुरक्षा गर्ने पृथ्वीनारायण शाहको सन्देश बारम्बार प्रचार गरे । गोर्खालीहरूले कीर्तिपुरेहरूको पानी खाने कुलाको मुहानसमेत थुनिदिए । उपत्यकाका राजाहरु कुनैले पनि कीर्तिपुरको मदतमा आउने हिम्मत गरेनन् । ललितपुर राज्य जसको मातहतमा कीर्तिपुरमा थियो, त्यो समेत खामोस रह्यो । अन्त्यमा काजी धनवन्तले वि.सं. १८२२ चैत्र ३ गतेको मध्यरात्रिमा आत्मसमर्पण गरी कीर्तिपुरको प्रवेशद्वार खोलिदिए । भोलिपल्ट उज्यालो हुँदा कीर्तिपुरका जनताले आफू गोर्खाको अधीनमा परिसकेको पाए। यसरी दुई पटकसम्म असफल भए पनि अन्ततोगत्वा विना युद्ध कीर्तिपुर गोर्खाको अधिकारमा आयो ।

कीर्तिपुरेहरूबाट दुई पटकसम्म पराजित हुनुपरेको, काजी कालु पाण्डे मारिएका, पृथ्वीनारायण शाहको पनि झन्डै ज्यान गएको, शूरप्रताप शहको आँखा फुटेको, गोर्खाका धेरै सैनिकले अकालमा ज्यान गुमाउनु परेको आदि कारणले गोर्खालीहरूले कीर्तिपुरेहरूसँग भयंकर प्रतिशोध लिए भनिन्छ । आमाको दूध खाने बालक र बाजा बजाउनेहरूबाहेक अरु सबै कीर्तिपुरेहरूको नाक र ओठ काटिएको र यसरी काटिएका नाक र ओठको तौल साढे सत्र धार्नी पुगेको उल्लेख वंशावलीमा परेको छ । पृथ्वीनारायण शाहकै दरबाररिया कवि पण्डित ललितावल्लभले पनि "हत्वा शत्रु मनस्विनः कति पुनः प्रच्छिद्य नासादिकम्" (उहाँ बुद्धिमान् राजाले कैयन् शत्रुहरूलाई मार्नुभयो र कतिको त नाक आदि काटिदिनुभयो) भनेर लेखेका छन् । यसर्थ वंशावलीको कथन अतिशयोक्तिपूर्ण भए पनि नाक र ओठ काटिएको कुरालाई इन्कार गर्न सकिंदैन । युद्धमा मारकाट हुनु स्वाभाविकै हो तर आत्मसमर्पण गरिसकेपछि आफ्ना अधीनमा आएका जनताको जीउधनको सुरक्षा गर्नुपर्नेमा नाक र ओठ काटेर प्रतिशोध लिइयो, यसतर्फ विचार गर्नु आवश्यक छ । यस सम्बन्धमा बालचन्द्र शर्मा (नेपालको एतिहासिक रूपरेखा, वि.सं. २०३३, पृ.१८०मा) लेख्दछन्-

"सम्भवतः यस भयानक दण्डद्वारा उनी उपत्यकाका अन्य शहरका निवासीहरूलाई पनि तर्साउन चाहन्थे । पछि उपत्यकाका अन्य शहर (का) ..... जनता चुपचाप लागी उनको आधिपत्य स्वीकार गर्न प्रस्तुत भएको कुराको विचार गर्दा पृथ्वीनारायणको यो आतंक फिंजाउने नीति पूर्णतः सफल भएको देखिन्छ ।" क्रमशः...

## मनोरञ्जन

# ककाकिकीको गीत सार्वजनिक



दमक/ चलचित्र ककाकिकीको 'धन चोरे पुलिसको थुनामा मन चोरे दिलको कुनामा...' बोलको शीर्ष गीत बुधबार सार्वजनिक गरिएको छ।

भदौ १९ गतेदेखि नेपालभर प्रदर्शनमा आउने चलचित्रको गीतमा अर्जुन सापकोटा र मेलिना राईको स्वर रहेको छ। सापकोटाकै संगीत रहेको गीतमा सन्तोष सापकोटाको शब्द रहेको छ।


यस गीतले गाउँघरको उत्सव, रमाइलो र सामूहिक खुसियालीको माहोललाई प्रस्तुत गरेको छ। चलचित्रका निर्देशक बिक्की अग्रवालका अनुसार गीतले ग्रामीण परिवेश र उत्सवमय वातावरणलाई प्रतिनिधित्व गरेको छ।

'ककाकिकी' मा दिया मास्के, शिशिर बाङ्देल, सुवास गजुरेल, रेअर राई, पवन खतिवडा, माओत्से गुरुङ, मनोज गजुरेल, मुकुन्द मैनाली, रामबाबु रेग्मी, सिडी विजय अधिकारी, सरोज भण्डारी, सिर्जना श्रेष्ठ, विश्वास तिमल्सिना, एलिसा भोग, सुवर्ण थापा र कमल देवकोटालगायतका कलाकारको अभिनय रहेको छ।

सुदीप बरालको छायांकन रहेको चलचित्रको चलचित्रको निर्माता श्रद्धा प्रसाईं र सुमित्रा थापा निर्माता छन्। यस चलचित्रलाई सेभेन सिज इन्टरनेसनल फिल्म्सले वर्ल्डवाइड रिलिज गर्ने भएको छ।

## दैनिक राशिफल

आज मिति २०८३ साल भदौ ०५ गते शुक्रबार
21 Aug. 2026
तिथि: नवमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लेँ ले लो अ | नयाँ काममा सफलता मिल्नेछ । आर्थिक लाभको अवसर देखिन्छ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | रोकिएका काम अघि बढ्नेछन् । पारिवारिक साथ मिल्नेछ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | नयाँ अवसर हात पर्नेछ । व्यापारमा लाभ हुनेछ । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | मनमा उत्साह बढ्नेछ । आफन्तबाट सहयोग पाइनेछ । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | जिम्मेवारी थपिन सक्छ । काममा सफलता मिल्नेछ । |
| कन्या | टो प पी पॅ ष ण ठ पे पो | मेहनतको राम्रो परिणाम मिल्नेछ । आर्थिक अवस्था सुधारिनेछ । |
| तुला | | महत्वपूर्ण निर्णय लिन सकिनेछ । सामाजिक प्रतिष्ठा बढ्नेछ । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | नयाँ सम्बन्ध बन्नेछ । व्यवसायमा प्रगति हुनेछ । |
| धनु | य यो भा भी भ धा फा ढ भे | यात्रा फलदायी बन्नेछ । आम्दानीको बाटो खुल्नेछ । |
| मकर | | काममा नयाँ जिम्मेवारी आउला । सहकर्मीको साथ मिल्नेछ । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | योजनाले गति लिनेछ । आर्थिक लाभको योग छ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | शुभ समाचार प्राप्त हुनेछ । परिवारमा खुसी छाउनेछ । |

# पत्रकार सुब्बालाई जीवनचक्रको सम्मान

**दमक /** झापाको दमकमा तीन दशकदेखि पत्रकारिता क्षेत्रमा क्रियाशील अग्रज पत्रकार विष्णु सुब्बा सम्मानित भएका छन् । सामाजिक अभियानमा सक्रिय जीवनचक्र समाज नेपालले आ ँनो आठौँ वार्षिकोत्सव तथा साधारणसभाको अवसर पारेर पत्रकार सुब्बालाई सम्मान गरेको हो । दमक-६ स्थित संस्थाको कार्यालयमा बिहीबार आयोजित कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी दमक उपशाखाका पूर्वसभापति तथा कार्यक्रमका प्रमुख अतिथि लीला गुरागाईंले पत्रकार सुब्बालाई सम्मानपत्र प्रदान गरेका थिए । सामाजिक अभियान, पत्रकारिता र समाजमा पुर्‍याएको योगदानको कदरस्वरूप सुब्बालाई सम्मान गरिएको हो । सुव्वा नेपाल पत्रकार महासंघ झापा शाखाका केन्द्रीय प्रतिनिधि तथा प्रदेशवाणी अनलाईन न्यूजपोर्टलका सञ्चालक हुन् ।




कार्यक्रममा जीवनचक्र समाज नेपालका अध्यक्ष गणेशप्रसाद गौतम (जीपी)ले संस्थाको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । उनले संस्थाले स्थापना भएदेखि नै सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राख्दै विभिन्न सचेतनामूलक तथा सेवामूलक अभियान सञ्चालन गर्दै आएको बताए ।

जीवनचक्र समाजले विशेषगरी सडक दुर्घटना न्यूनीकरण, रक्तदान अभियान, लागूऔषध दुर्व्यसनविरूद्ध सचेतना, सामाजिक विकृति न्यूनीकरण तथा युवामाझ सकारात्मक सोचको विकास लगायतका क्षेत्रमा अभियान सञ्चालन गर्दै आएको छ । संस्थाले आगामी दिनमा पनि समुदायमा प्रत्यक्ष प्रभाव पार्ने सामाजिक अभियानलाई थप प्रभावकारी बनाउँदै लैजाने अध्यक्ष गौतमले प्रतिवद्धता जनाए ।

वार्षिकोत्सवकै अवसरमा संस्थाको अभियानमा सक्रिय योगदान पुर्‍याएको भन्दै दमकस्थित आस्था कलेज जीवनचक्र युनिटकी संयोजक पूजा चम्लागाई र सदस्यद्धय तृष्णा कार्की र सन्ध्या पराजुली लाई प्रशंसापत्रसमेत प्रदान गरिएको थियो । सामाजिक अभियानमा युवाको सहभागिता बढाउने उद्देश्यले विद्यार्थीहरूलाई प्रोत्साहनस्वरूप प्रशंसापत्र प्रदान गरिएको संस्थाले जनाएको छ ।

कार्यक्रमको सञ्चालन संस्थाका सचिव गणेश प्रधानले गरेका थिए भने उपाध्यक्ष बिन्दु सिटौलाले स्वागत मन्तव्य राखेकी थिइन् ।

# ११ जना फरार प्रतिवादी पक्राउ

**संखुवासभा /** जिल्ला प्रहरी कार्यालय, संखुवासभाले एक महिनामा ११ जना फरार प्रतिवादी पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालयले चालु आर्थिक वर्षको पहिलो महिनामै ११ जना फरार प्रतिवादीलाई पक्राउ गरेको जनाएको छ ।

आपराधिक घटनाका फरार प्रतिवादीलाई खोजी तथा पक्राउ तीव्र पार्ने क्रममा उनीहरु पक्राउ परेको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी निरीक्षक मेघराज अर्यालले बताए ।

प्रहरीका अनुसार पक्राउ परेकाहरूलाई २२ वर्ष दुई महिना २३ दिन कैद सजाय तोकिएको थियो । साथै, उनीहरूबाट दुई करोड नौ लाख १९ हजार ९ सय ४९ रूपैयाँ जरिवाना असुल गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

***राज्य*****.....**उठाउनु हो । त्यसैले प्रश्न उठाउनु र दोषी ठहर गर्नु फरक विषय हुन् । लामिछानेले यही सीमारेखा स्पष्ट गर्न खोजेको देखिन्छ । उनका अनुसार समितिमा उठाइने संवेदनशील विषय यति तथ्यपरक हुनुपर्छ कि त्यसलाई पछि चुनौती दिन कठिन होस् ।

उनको भनाइ आफ्नै विगतका विवादसँग जोडेर हेर्दा अझ रोचक देखिन्छ । सहकारी प्रकरणमा आफ्नो नाम जोडिएपछि लामिछानेले पनि नाम आउनु र अपराध प्रमाणित हुनु फरक कुरा भएको दाबी गरेका थिए । अहिले उनी संसदीय समितिमा बसेर आरोप, बयान, समाचार र प्रमाणलाई छुट्टाछुट्टै आधारमा परीक्षण गर्नुपर्ने कुरा गरिरहेका छन् । यसले उनको व्यक्तिगत राजनीतिक अनुभवलाई संस्थागत बहससँग जोडेको छ ।

बैठकमा लामिछानेले संवैधानिक संस्थाको विश्वसनीयताको विषय पनि उठाए । कुनै व्यक्तिसँग असहमति वा विवाद भएकै कारण संवैधानिक संस्था र त्यसको नेतृत्वमाथि निरन्तर प्रश्न उठाउँदा संस्थाको गरिमा कमजोर हुन सक्ने उनको भनाइ थियो । लोकतन्त्रका आधारस्तम्भ मानिएका संस्थाको विश्वसनीयता कमजोर भए त्यसको असर व्यक्ति वा एउटा दलमा मात्र सीमित नहुने उनको तर्क छ । संवैधानिक निकायमा नियुक्ति गर्दा संविधानले तोकेको प्रक्रियासँगै अधिकतम योग्यता र मेरिटलाई आधार बनाउनुपर्ने उनले बताए ।

लामिछानेले संविधान संशोधनको विषयमा पनि प्रतिनिधिसभामा दुई तिहाइ पुग्दैमा मात्र प्रक्रिया पूरा नहुने स्पष्ट पारे । राप्रपा संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले संविधान संशोधनका लागि आवश्यक दुई तिहाइ पुर्‍याउन आफूहरू तयार रहेको बताएपछि लामिछानेले संविधान संशोधनलाई केवल प्रतिनिधिसभाको अंकगणितबाट हेर्न नहुने बताएका हुन् । संविधानले तोकेको प्रक्रिया र अन्य संवैधानिक पक्षलाई समेत ध्यान दिनुपर्ने उनको भनाइ थियो ।

यसरी हेर्दा लामिछानेको पछिल्लो अभिव्यक्तिका तीनवटा मुख्य पाटा देखिन्छन्– आरोपभन्दा प्रमाण, व्यक्तिभन्दा संस्था र राजनीतिक अंकगणितभन्दा संवैधानिक प्रक्रिया । सहकारी विवादका कारण आफैं लामो समय आरोप र अनुसन्धानको बहसमा रहेका लामिछानेले अहिले संसदीय समितिमा प्रमाणको सर्वोच्चताको विषय उठाएका छन् । यसलाई उनका समर्थकले न्यायिक प्रक्रिया र तथ्यमा आधारित राजनीतिका रूपमा लिन सक्छन् भने आलोचकले आफ्नै विगतसँग जोडिएको राजनीतिक प्रतिरक्षाको निरन्तरताका रूपमा व्याख्या गर्न सक्छन् ।

तर मूल प्रश्न भने एउटै हो–संसदीय समितिले प्रश्न उठाउनुपर्छ, अनुसन्धानका लागि बाटो खोल्नुपर्छ र राज्यका निकायलाई जवाफदेही बनाउनुपर्छ; तर प्रश्नलाई नै फैसला बनाउनु हुँदैन । लामिछानेको पछिल्लो भनाइले यही सीमारेखामाथि बहसलाई केन्द्रित गरेको छ । लोकतन्त्रमा संस्थाको गरिमा जोगाउँदै सत्तालाई प्रश्न गर्ने र आरोपलाई प्रमाणबाट परीक्षण गर्ने सन्तुलन कायम गर्नु नै सुशासनको वास्तविक चुनौती हो ।

***अब*****....**निमित्त महानिर्देशक ढकाल भन्छन्, 'विदेशीलाई पनि सहज हुनेछ भने हाम्रो कर्मचारीको पनि कामको चाप कम हुनेछ ।'

साथै, भिसा नवीकरणका लागि पनि अध्यागमन कार्यालय पुगिरहनु पर्नेछैन । नेपालको जुनसुकै ठाउँबाट अनलाइन भुक्तानी गरेर भिसा अवधि थप गर्न सक्नेछन् । यसले पर्यटकलाई थप सहजता हुने विभागका अधिकारी बताउँछन् ।

इ-भिसाको तयारी भने ०८० फागुनदेखि नै भएको थियो । त्यसवेला विभागले तत्कालीन गृहमन्त्री नारायणकाजी श्रेष्ठबाट 'इलेक्ट्रोनिक ट्राभल अथोराइजेसन' र अनलाइन पेमेन्ट प्रणालीको उद्घाटन गराएको थियो, जुन पूर्ण रूपमा लागू हुन सकेको थिएन । प्राविधिक तथा व्यवस्थापिक तयारीपछि यसको पूर्ण कार्यान्वयन गर्न लागिएको विभागले जनाएको छ ।

धेरै विकसित देशहरूले इ-भिसा प्रणाली लागू गरिसकेका छन् । नेपालले पनि लामो परीक्षणपछि यसलाई कार्यान्वयनमा लैजान लागेको हो । यसका फाइदा भए पनि प्राविधिक रूपमा कतिपय चुनौती भने रहेको विभागका अधिकारी बताउँछन् ।

***चुलाचुलीमा*** **....**गराएमा मात्रै काम हुने कट्टेलले बताए ।

सेवा शुभारम्भ सम्बन्धी औपचारिक कार्यक्रमका वक्ताहरुले सेवा शुभारम्भ हुनु गर्वको बिषय भएको बताउँदै सेवालाई चुस्त दुरुस्त र प्रभावकारी तथा परिणाममुखी ढंगबाट प्रवाह गर्न आवश्यक भएकोमा जोड दिए । कार्यक्रमको सञ्चालन पालिकाका योजना अधिकृत सुबास लिम्बुले गरेका थिए ।

# जापानमा रेलको ठक्करबाट चार जनाको मृत्यु

**एजेन्सी/** जापानमा रेलको ठक्करबाट रेल स्टेसनका चार जना कर्मचारीको मृत्यु भएको अधिकारीहरूले बिहीबार बताएका छन् । स्थानीय सञ्चारमाध्यमका अनुसार टोकियोको उत्तरमा रहेको कानुमा शहरको शिन-कानुमा स्टेशनमा रेलको लिक वरपरका झारपात हटाइरहेको समयमा कर्मचारीलाई एक्सप्रेस रेलले ठक्कर दिएको जनाइएको छ ।

रेलले ठक्कर दिएका चारै जनाको मृत्यु भएको पुष्टि भएको अग्नि नियन्त्रक विभागका अधिकारीलाई उदृत गर्दै एएफपीले जनाएको छ ।

अधिकारीका अनुसार, आपतकालीन सेवा टोली घटनास्थलमा पुग्दा तीन जना कर्मचारी रेलमुनि च्यापिएको अवस्थामा थिए भने एक जना लिगमा थिए ।

जिजी प्रेसका अनुसार ती कर्मचारीहरू सबै पुरुष थिए भने उनीहरू ५० - ६० वर्ष को उमेर समूहका थिए । रेलमा सवार करिब ५० यात्रुमध्ये कसैलाई पनि चोटपटक नलागेको जनाइएको छ ।

सञ्चारमाध्यमका अनुसार छ वटा डिब्बा भएको उक्त रेल 'टोबु निक्को लाइन' मा चल्ने 'स्पेसिया एक्स' एक्सप्रेस रेल थियो, जसले टोकियोलाई तोचिगी क्षेत्रको लोकप्रिय पर्यटकीय गन्तव्य निक्कोसँग जोड्छ ।

रेल सञ्चालकलाई उद्धृत गर्दै समाचार प्रसारक संस्था एनएचकेले जनाएअनुसार टोकियोतर्फ गइरहेको उक्त रेल शिन-कानुमा स्टेशनमा रोकिनै लाग्दा दुर्घटनामा परेको थियो । रेलमा सवार यात्रुहरुले ठूलो गडगडाहटको आवाज सुनेको र त्यसपछि रेल एक्कासी रोकिएको र उभिनै असम्भव जस्तो अनुभव गरेका जनाएका छन् । आवाज कहाँबाट आयो भनेर पत्ता नलग्दै रेल रोकिँदै छ भन्ने घोषणा भए पछि केही समयसम्म बाहिर निस्कन नपाएको यात्रुहरुले बताएका छन् ।

# अमेरिकी राष्ट्रिय ऋण ४०० खर्ब डलर नाघ्यो

**एजेन्सी/** अमेरिकी संघीय सरकारको कुल राष्ट्रिय ऋण पहिलोपटक ४०० खर्ब अमेरिकी डलर नाघेको छ । अमेरिकी अर्थ मन्त्रालयले बुधबार सार्वजनिक गरेको तथ्यांकअनुसार मंगलबार कारोबार समाप्त हुँदा संघीय सरकारको कुल ऋण ४०० खर्ब ५० अर्ब डलर पुगेको हो ।

बढ्दो सरकारी खर्च, ऋणको ब्याज भुक्तानी तथा मध्यपूर्वमा जारी युद्धका कारण अमेरिकी सरकारी ऋण नयाँ कीर्तिमानमा पुगेको बताइएको छ । ऋणको तीव्र वृद्धिले मुद्रास्फीति, सरकारी खर्च र बढ्दो ब्याज लागतप्रति लगानीकर्ताको चिन्ता थप बढाएको छ ।

यो रकम कङ्ग्रेसनल बजेट कार्यालयले आर्थिक वर्ष २०२६ को अन्त्यसम्म अमेरिकी कुल ऋण ३९४ खर्ब डलर पुग्ने गरेको पूर्वानुमानभन्दा समेत बढी हो ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०२४ को निर्वाचन अभियानका क्रममा सरकारी खर्च घटाउने प्रतिबद्धता जनाउनुभएको थियो । तर सामाजिक सुरक्षा र स्वास्थ्य सेवासम्बन्धी दीर्घकालीन दायित्व, ऋणको ब्याज भुक्तानी तथा रक्षा खर्च उच्च रहेकाले सरकारी ऋण घट्न सकेको छैन ।

# जापानमा भद्रपुरकी लक्ष्मी मृत फेला

*झापा /जापानको फुकुओकामा अध्ययनरत झापा भद्रपुर ७ अन्जनी मोडकी २५ वर्षीया लक्ष्मी राजवंशी मृत फेला परेकी छिन् । बुधवार बिहान फुकुओकाको नाका नदीमा उनको शव फेला परेको थियो । युवती सेन्मोन गाक्कोउकी विद्यार्थी थिइन् । उनी बस्ने कोठामा धेरै मात्रामा रगत बगेको र ओछ्यानमा प्रेसर कुकर र चक्कु भेटिएको थियो । जापानको प्रहरीले घटनाको सुक्ष्म अनुसन्धान गरिरहेको छ । यसैबीच, घटनाको अनुसन्धानका लागि प्रहरीले ५ जनालाई नियन्त्रणमा लिएको छ ।*

***भद्रपुर*****.....**पूर्व नगरप्रमुखहरु, विभिन्न वडाका अध्यक्षहरु, विभिन्न संघसंस्थाका प्रतिनिधि, बुद्धिजीवी, उद्योगी र संचारकर्मी लगायतको उपस्थिति रहेको थियो । भेलामा रास्वपाका प्रेम न्यौपाने , नेपाली कांग्रेसका रमेश झा, एमालेका असारु राजवंशी, श्रम संस्कृति पार्टीका नरदिप लिम्बू, राप्रपाका राजकुमार राई, पूर्व नगरप्रमुखहरु भारतेन्दु मल्लिक र पुष्पराज पोखरेल,वडाध्यक्षहरुमा वडा नं १ का अध्यक्ष रामप्रसाद अधिकारी, वडा नं ४ का अध्यक्ष हंशधर राजवंशी, ५ का अध्यक्ष बन्धु कार्की, ६ का रतिया राजवंशी, ७ का अध्यक्ष अभिषेक ढुंगाना, १० का अध्यक्ष टेकबहादुर खड्का काजी, भद्रपुर ९ का समाजसेवी रुद्र निरौला, पत्रकार चिन्तामणि दाहाल लगायतले आ-आफ्ना धारणा राखेका थिए ।




## खेल समाचार

# ताप्लेजुङ गोल्डकपको खेल तालिका सार्वजनिक

**फुङलिङ/** अन्तर्राष्ट्रिय आमन्त्रण ताप्लेजुङ गोल्डकपको खेल तालिका जिल्लाका पर्यटकीय स्थलबाट सार्वजनिक गरिएको छ । आगामी भदौ १२ गतेबाट सञ्चालन हुने चौथो संस्करणको प्रतियोगिताबाट पर्यटन प्रवर्धनका लागि ताप्लेजुङको पर्यटकीय क्षेत्रमार्फत खेल तालिका सार्वजनिक गरिएको हो।

लाखेजात्रा सञ्चालन समितिका अध्यक्ष सागर मादेनका अनुसार फकताङलुङ गाउँपालिकाको ५ हजार ३ सय मिटरको उचाइमा रहेको स्याम्दो ताल, ४ हजार ७ सय मिटरको उचाइमा रहेको सिङजेमा ताल, ओलाङचुङगोलामा अवस्थित आठसय वर्ष पुरानो दिकिछ्योलिङ गुम्बा, मिक्वाखोला गाउँपालिकाको पर्यटकीय क्षेत्र लोदेन लगायतका क्षेत्रबाट एकसाथ खेल तालिका सार्वजनिक गरिएको हो।

सार्वजनिक गरिएको तालिका अनुसार उद्घाटन खेलमा आयोजक ताप्लेजुङ ११ र जर्जियन युनाइटेड फुटबल क्लब भारतबिच प्रतिष्पर्धा हुने भएको छ । त्यस्तै भदौ १३ गतेको हुने क्वार्टरफाइनलको दोस्रो खेलमा चित्लाङ फुटबल क्लब र फिदिम स्पोर्टिङ क्लब मैदान उत्रने भएका छन्। तालिका अनुसार भदौ १४ गते हुने तेस्रो खेलमा सातदोबाटे फुटबल क्लब र गत वर्षको विजेता सलहेश युवा क्लबवीच आमने-सामने हुने भएको छ ।

यस्तै, क्वाटर फाइनल चरणको अन्तिम खेलमा झापा ११ फुटबल क्लब र नेपाल पुलिस क्लबबिच भिडन्त हुनेछ । सेमिफाइनल चरणका खेलहरु भदौ १६ र १७ गते तथा फाइनल खेल भदौ १९ गते हुनेछ ।

गत वर्षको गोल्डकपको खेल तालिका प्रसिद्ध धार्मिकस्थल पाथीभरा मन्दिरबाट सार्वजनिक गरिएको थियो । यस वर्ष थप पर्यटन प्रवर्धन गर्ने उद्देश्यसाथ विभिन्न पर्यटकीय क्षेत्रमार्फत सार्वजनिक गरिएको समितिले जनाएको छ । विभिन्न नयाँ ठाउँका खेलाडीलाई पर्यटकीय क्षेत्रमा भ्रमण गराउने समेत समितिको योजना रहेको अध्यक्ष मादेनको भनाइ छ ।

यस वर्षको प्रतियोगिताको विजेताले नगद ७ लाख २ हजार ८३ रूपियाँ र उपविजेताले ३ लाख ५२ हजार ८३ रूपियाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । त्यस्तै, प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई बजाज कम्पनीको मोटरसाइकल, विभिन्न विधाका उत्कृष्ट खेलाडी र हरेक दिनको म्यान अफ दि म्याच खेलाडीलाई समेत नगद पुरस्कार ट्रफी, मेडल र प्रमाणपत्रको व्यवस्था गरिएको समितिले जनाएको छ ।

# इलाममा ग्यासको मनपरी मूल्य

**इलाम /** खाना पकाउने एलपी ग्यासमा तोकिएको मूल्यभन्दा बढी रकम असुली हुन थालेपछि इलाम नगरपालिकाले बजार अनुगमनका लागि नगर प्रहरी परिचालन गरेको छ । उपभोक्ताबाट ग्यास बिक्रेताले तोकिएकोभन्दा बढी मूल्य लिने गरेको गुनासो आएपछि नगरपालिकाले बिहीबारदेखि नगर क्षेत्रका ग्यास बिक्री केन्द्रमा नगर प्रहरी खटाएको हो । नगर प्रहरीले नेपाल आयल निगमले निर्धारण गरेको मूल्यअनुसार मात्रै ग्यास बिक्री गर्न व्यवसायीलाई आग्रह गर्नेछ ।

इलाममा पछिल्लो समय उपभोक्ताले एउटा सिलिन्डर ग्यासका लागि २ हजार २ सयदेखि २ हजार ५ सय रुपैयाँसम्म तिर्नुपरेको गुनासो गरेका छन् । नेपाल आयल निगमले निर्धारण गरेको अधिकतम खुद्रा मूल्यअनुसार इलाममा एलपी ग्यासको मूल्य २ हजार ६० रुपैयाँ रहेको जनाइएको छ ।

# बागमती प्रदेशका मुख्यमन्त्रीले लिए सपथ

**दमक/** बागमती प्रदेशका नवनियुक्त मुख्यमन्त्री किरण थापा मगरले पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन् ।

नेपालको संविधानको धारा १६८ को २ बमोजिमको सरकारको नेतृत्व गरेका थापालाई प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका हुन् । एमाले, नेकपा र राप्रपाको समर्थनमा मुख्यमन्त्रीमा बनेका थापालाई ६३ सांसदको समर्थन रहेको छ । ६३ सांसदको समर्थनमा सरकार गठनका लागि दाबी गरेका थापाको नियुक्तिको सन्दर्भमा राप्रपा भित्र विवाद भइरहेको छ । विवादकाबिच थापा मुख्यमन्त्री नियुक्त भएका हुन् । थापालाई एमालेका २५, नेकपाका २६ र राप्रपाका १२ सांसदको समर्थन रहेको छ ।


Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

**न्यू पब्लिक कृषि सहकारी संस्था लि. गौरादह २ झापा को**

**ऋण चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना**

तपशिलमा उल्लेखित ऋणि सदस्यहरुले यस संस्थाबाट बिभिन्न ऋण शिर्षक अर्न्तगत उपभोग गर्दै आएको ऋण बापत संस्थालाई बुझाउनु पर्ने साँवा, ब्याज तथा अन्य दस्तुर नबुझाई संस्था सग गरेको ऋण सम्बन्धि शर्तहरुको उल्लघन गरेको र पटक-पटक मौखिक तथा लिखित तरतागेता तथा जानकारी गदृ समेत बेबस्ता गरेकोले ऋणि धनजमानि एबम ऋणसग सम्बन्धित सबैलाई ऋण चुक्ता गर्नु, गराउनु हुन यो सार्बजानिक सुचना प्रकाशित गरीएको छ । यो सुचना प्रकाशित मितिले ३५ दिन भित्र यस संस्थाबाट लिएको ऋणको बुझाउनु पर्ने सम्पुर्ण साँबा,ब्याज र अन्य दस्तुर चुक्ता गर्नु, गराउनु हनु अनुरोध छ। अन्यथा सहकारी ऐन २०७४,सहकारी नियमाबली २०७५ तथा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी ऋणी , धनजमानीकर्ता लगाएत ऋण सग सम्बन्धित सबै पक्षंलाई कालो सुचिमा नाम समावेस गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप संस्थालाई लिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाउने ब्यहोरा सुचित गरीन्छ। साथै धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी संस्थाले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट संस्थाको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल हुन नसकेको रकमको हदसम्म कानुन बमोजीम ऋणी, धनजमानीकर्ता साथै ऋण सग सम्बन्धीत ब्यक्तिहरुको घर-घरानाबाट अशुली गर्न कानुनी प्रकृया अगाडि बढाउने ब्यहोरा समेत सुचित गरिन्छ ।

**तपशिल**

| ऋणी तथा व्यक्तिगत जमानी दिनेको तीन पुस्ते विवरण | | फोटो |
| --- | --- | --- |
| १. | **ऋणी**<br>श्री बासुदेब पौडेल को नाती श्री यूबराज पौडेलको छोरा, गौरादह न.पा. बार्ड न.७ गलडुब्बा ठेगाना भएको बर्ष ५३ को केशब पौडेल<br><br>**जमानीकर्ता**<br>सखी लाल ताजपुरीया को छोरी ,काशीलाल ताजपुरीयाको पत्नी गौरादह न.पा. बार्ड न. ८ स्थायी ठेगाना भएको बर्ष ५८ को उषा देबी ताजपूरीया |  |

◆ **प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, ◆ **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की ◆ **सहसम्पादक**: विमल लामिछाने ◆ **बजार व्यवस्थापक**: केशव खनाल ◆ **लेआउट**: सुरेन बस्नेत

**कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२, **मुद्रण**: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com